# तमानखोला गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

गण्डकी प्रदेश, नेपाल

प.सं.०७७/०७८
च.नं :

मिति: २०७७।०४।१५

**कर्मचारी करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना ।**
**(प्रथम पटक प्रकाशित मिति : २०७७/०४/१५)**

प्रस्तुत विषयमा यस तमानखोला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको लागि आवश्यक सूचना प्रविधि अधिकृत, रोजगार संयोजक र प्राविधिक सहायक पद करारमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरीकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तीरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०३-२०७७/०७८ | सूचना प्रविधि अधिकृत | स्थानीय सेवाको छैठौं तह सरह | १ |
| २. | ०४-२०७७/०७८ | रोजगार संयोजक | स्थानीय सेवाको छैठौं तह सरह | १ |
| ३. | ०५-२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

**१. सूचना प्रविधि अधिकृतको लागि आवश्यक न्यूनतम योग्यता र अनुभव :**
लोकसेवा आयोगले लिने  कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technologies वा सो सरहको विषयहरुमध्ये कुनै एक विषय लिई स्नातक वा (BIT, B.Ed.ICT, BIM,BBIS,BCA,BCIS,BEIT,BSC.IT,BSC,CSIT) उपाधि प्राप्त ।

**२. रोजगार संयोजकका लागि आवश्यक न्यूनतम योग्यता र अनुभव :**
क) नेपाल सरकार बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।

**३. प्राविधिक सहायकका लागि आवश्यक न्यूनतम योग्यता र अनुभव :**
क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।
ख) अनुभव र सिप : प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ :

- कम्तीमा तीन महिने तालिम लिइ आधारभूत कम्प्युटर सिप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तीमा छ महिनाको अनुभव भएको ।

**४.उमेर** : छैठौं तह सरहका लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र पाँचौ तह सरहका लागि १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
**५. दरखास्त दिने स्थान** : तमानखोला गाउँकार्यपालिकाको कार्यालय ।
**६. दरखास्त दिने अन्तिम मिति** : २०७७/०४/३० गते कार्यालय समय भित्र ।
**७. आवेदनको दस्तुर** : रु.१,०००। (छैठौं तहका लागि) रु. ५००। (पाँचौ तहका लागि) ।
**८. छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।
**९ आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु** : आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु ।

- नेपाली नागरिकता ।
- न्यूनतम योग्यताको लबधांक प्रमाणपत्र ।
- चारित्रिक प्रमाणपत्र ।
- अनुभव खुल्ने कागजात ।
- दुई प्रति पासपोर्ट साइज फोटो ।

**१०. सेवा सुविधा** : नेपाल सरकारको प्रचलित नियमअनुसार ।

२०७७।०४।१५

विकास लम्साल
प्रमुख प्रशासकीय अधिकृत